बागमती प्रदेश सरकार
# संस्कृति तथा पर्यटन मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः २०८/७९
चलानी नम्बरः १५०

मितिः २०७९/०१/०९

**बिषयः तह बृद्धिको लागि पेश गर्नुपर्ने आवश्यक कागजात सम्बन्धमा।**

श्री पर्यटन विकास आयोजना, हेटौडा।
श्री उपत्यका पर्यटन कार्यालय, सानो हात्तिवन, ललितपुर।
श्री पर्यटन ईकाइ कार्यालय, नयाँबानेश्वर, काठमाडौं।

प्रस्तुत विषयमा प्रदेश निजामती सेवा अध्यादेश,२०७८ को दाफा ३० बमोजिम तह बृद्धिको लागि देहायमा उल्लिखित विवरण तयार पारी प्रत्येक कर्मचारीको छुट्टा छुट्टै फाइलमा पठाउन हुन आदेशानुसार अनुरोध छ।

**देहाय**

- तह बृद्धि हुने पदभन्दा एक तह मुनीको पदमा पाँच बर्षको सेवा अवधि पुरा भएको।
- पछिल्लो पाँच बर्षको कार्य सम्पादन मूल्याँङ्ककनमा औसत पन्चानब्बे प्रतिशत अंङ्क प्राप्त गरेको।
- तह बृद्धि न्यूनतम शैक्षिक योग्यता हासिल गरेको

| क्र.सं. | हालको तह | तह बृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | चौथौं | पाँचौं | कम्तीमा एस.एल.सी. वा एस.ई.ई. वा सो सरह उत्तीर्ण |
| २ | पाँचौं | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा कक्षा १२ वा सो सरह उत्तीर्ण |
| ३ | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण |
| ४ | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण |

फोन नं. ०५७-५२०२८६, ०५७-५९०१८६, ईमेलः tdpbagamati@gmail.com वेबसाईटः www.tdp.p3.gov.np

बागमती प्रदेश सरकार
# संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्याः
चलानी नम्बरः

मितिः

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

- शैक्षिक योग्यताको सम्बद्धता निर्धारण गर्नु पर्ने भएमा सम्बद्धता निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ।
- पछिल्लो पाँच बर्षको का.स.मू. फारम कुन कुन कार्यालयमा दर्ता भएको हो सो कार्यालयको नाम र आ.व. खुलाई पठाउनु हुन।
- नोटः बागमती प्रदेश भित्रका जिल्ला बाहेकको जिल्लामा दर्ता गरिएको भए का.स.मू. फारम समेत पेश गर्नु पर्ने छ।
- **पछिल्लो आ.व.**

  २०७७/७८

  २०७६/७७

  २०७५/७६

  २०७४/७५

  २०७३/७४
- सम्बन्धित कर्मचारीको शरु नियुक्ति, बढुवा, समायोजन,पदस्थापन, हालको कार्यालयमा सरुवा पदस्थापनको पत्र र PIS प्रिन्ट संलग्न गर्नु पर्ने छ।
- अन्य प्रदेशका जिल्लामा का.स.मू. दर्ता गरिएको भए का.स.मू. समेत पठाउनु हुन।
- सम्बन्धित कर्मचारीको निवेदन।
- प्रदेश निजामती सेवा अध्यादेश, २०७८ को दफा ३३ को (क) (ख) (ग) र (घ) को अवधिभर वढुवाको समयमा उम्मेदवार हुन नपाउने र उक्त अवधिभर निजको स्तरबृद्धि समेत रोक्का गरिनेछ।
- पुनश्चः मिचि २०७९ साल वैशाख १५ गते भित्र मन्त्रालयमा आइपुग्ने गरी पठाउनु हुन।

.....................

पुष्करचन्द्र घिमिरे
अधिकृत सातौ

फोन नं. ०५७-५२०२८६, ०५७-५९०१८६, ईमेलः tdpbagamati@gmail.com वेबसाईटः www.tdp.p3.gov.np